मिति २०८१/०८/०४ गते गोरखापत्रमा प्रकाशित सूचना

# नेशनल हाइड्रो पावर कम्पनी लि.

काठमाडौं-१०, बिनायकनगर, बानेश्वर

## २७ र २८औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०८/०४

यस नेशनल हाइड्रो पावर कम्पनी लिमिटेडको मिति २०८०/०७/२३, २०८०/०८/२२, र २०८०/११/११ मा बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार, कम्पनीको २७औं वार्षिक साधारणसभा मिति २०८०/०८/२२, २०८०/०९/०६ र २०८०/११/३० गते डेलिश ओपेरा रेष्ट्रो एण्ड बैंक्वेट (Delish Opera Restro & Banquet) बालुवाटार, काठमाडौंमा गर्ने भनि दुई दुई पटक राष्ट्रिय दैनिक पत्रिका समेतमा सार्वजनिक सूचना प्रकाशित गरिएकोमा कम्पनी ऐन २०६३ को दफा ७३(२) र कम्पनीको नियमावलीको नियम १६ (ख) बमोजिम शेयरधनीहरूको गणपुरक संख्या नपुगी स्थगित भएकोमा उच्च अदालत पाटनबाट मुद्दा नम्बर ०८०-CB-००५२ मा भएको मिति २०८१/०५/१७ को आदेश/फैसला, सोही आदेश/फैसला समेतका आधारमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८१/०७/१३ मा जारी भएको निर्देशन एवं ऐनको दफा ७६ (४) बमोजिम यस कम्पनीको सम्पन्न हुन बाँकी आ.व. २०७९/०८० र २०८०/०८१ का २७औं र २८औं वार्षिक साधारणसभा निम्न मिति, समय, स्थानमा बस्ने गरी मिति २०८१/०८/०३ गतेको सञ्चालक समितिबाट निर्णय भएको हुँदा सम्पूर्ण शेयरधनीहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८१/०८/२८ गते शुक्रबार
समय : बिहान ११:०० बजे।
स्थान : डेलिश ओपेरा रेष्ट्रो एण्ड बैंक्वेट (Delish Opera Restro & Banquet), बालुवाटार, काठमाडौं।

**छलफलका विषयहरु**

**क. साधारण प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०७९/०८० र आ.व. २०८०/०८१ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
२. लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७९/०८० र आ.व. २०८०/०८१ को वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरणसँग सम्बन्धित अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
३. आ.व. २०८०/०८१ को लागि कम्पनी रजिष्ट्रारको कार्यालयबाट तोकिएको लेखापरिक्षक तथा निजको पारिश्रमिक समेत अनुमोदन गर्ने सम्बन्धमा।
४. आ.व. २०८१/०८२ को लागि लेखापरिक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
५. विज्ञ सञ्चालकहरूको नियुक्तिको अनुमोदन सम्बन्धमा।
६. रिक्त २ जना सञ्चालक पदमा बाँकी अवधिको लागि निर्वाचन गर्ने सम्बन्धमा।

**ख. विशेष प्रस्ताव:**

१. कम्पनीको प्रबन्ध पत्र सशोधन गर्ने सम्बन्धमा।

**ग. विविध**

१. कम्पनीले लिएको लिने कर्जा अनुमोदन गर्ने सम्बन्धमा।
२. तल्लो इन्द्रावति ज.वि. आयोजना, लिखु ज.वि.आ. (उज्यालो इनर्जी सोल्युशन), तल्लो इर्खुवा ज.वि.आ. (लोअर इर्खुवा हाइड्रो पावर कं. लि.), मध्य त्रिशुली गंगा ज.वि.आ. (पर्फेक्ट इनर्जी प्रा.लि.), मा गरिएको लगानी अनुमोदन गर्ने सम्बन्धमा।
३. हकप्रद शेयरबाट प्राप्त रकमको अन्तिम बाँडफाँटको अनुमोदन सम्बन्धमा।
४. सहायक कम्पनीमा सञ्चालक प्रतिनिधित्व गरेको सम्बन्धमा।
५. कार्यकारी सञ्चालकको तलब भत्ता तथा सुबिधा अनुमोदन गर्ने सम्बन्धमा।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

**वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारीहरु**

१. २७औं र २८औं वार्षिक साधारणसभा प्रयोजनका लागि मिति २०८१/०८/१९ गते (एक दिन) शेयर दाखिल खारेज बन्द रहनेछ।
२. २७औं र २८औं वार्षिक साधारणसभाको लागि २०८१/०८/१८ गते सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई ३ कार्य दिन भित्र दाखिल खारेज तथा नामसारीका लागि प्राप्त शेयरहरूबाट कायम रहेका शेयरधनीहरू वार्षिक सभामा भाग लिनका लागि योग्य हुनेछन।
३. लेखापरिक्षकको प्रतिवेदन सहित कम्पनीको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन समेतका कागजातहरू निरिक्षण गर्न तथा प्रतिलिपी आवश्यक भएमा कार्यालय समय भित्र कम्पनीको कार्यालय बिनायकनगर, नयाँबानेश्वर, काठमाडौंमा सम्पर्क राख्न सकिने ब्यहोरा अनुरोध छ।
४. सभामा आफै उपस्थित हुन नसक्ने शेयरधनीले सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा सो सम्बन्धी निवेदन सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनिधि पत्र (प्रोक्सी) तोकेको कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। प्रतिनिधि पत्र प्रचलित कम्पनी कानून बमोजिम यस कम्पनीले तोकेको ढाँचामा हुनु पर्नेछ। प्रतिनिधि पत्रको ढाँचा यस कम्पनीको सूचनापाटी तथा कम्पनीको वेबसाइटमा (www.nhpcl.com) मा राखिएको छ। कम्पनीको शेयरधनी बाहेक अन्यलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न पाइने छैन।
५. साधारणसभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा कुल बिक्री भएको शेयरको १५ प्रतिशत भन्दा बढि प्रोक्सी दर्ता गरेको भएमा पनि १५ प्रतिशत भन्दा बढि मतको गन्ति गरिने छैन।
६. एक जना शेयरधनीले एक भन्दा बढि ब्यक्ति (शेयरधनी) लाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा सबै प्रतिनिधि (प्रोक्सी) स्वत: बदर हुनेछ।
७. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा केही शेयर आफैसँग बाँकी राखि आफू समेत साधारणसभामा उपस्थित हुन पाउने उद्देश्यले आंशिक शेयरको प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न पाउने छैन। अर्थात, सम्पूर्ण शेयरको लागि एकै ब्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नु पर्दछ।
८. सभामा भाग लिनु हुने प्रत्येक शेयरधनी महानुभावहरूले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ राखिएको हाजिरी पुस्तिकामा बिहान १०:०० बजेबाट उपस्थिति जनाउन सकिने छ।
९. सम्भव भए सम्म, शेयरधनीको प्राप्त फोन नं.मा SMS, मार्फत पनि जानकारी गराईने ब्यहोरा समेत अनुरोध छ।
१० शेयरधनी आफू उपस्थित हुन नसकेमा अन्य शेयरधनीलाई प्रोक्सी उपलब्ध गराउन समेत अनुरोध छ। प्रोक्सी फारम कम्पनीको वेबसाइटबाट समेत प्राप्त गर्न सकिने छ।
११. साधारणसभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको कार्यालय का.जि.का.म.न.पा. वडा नं. १०, बिनायकनगर, बानेश्वरमा सम्पर्क राख्न अनुरोध गरिन्छ।
१२. रिक्त सञ्चालक निर्वाचन सम्बन्धी विस्तृत कार्यक्रम निर्वाचन अधिकृतको कार्यालय, यस कम्पनीको रजिष्टर्ड कार्यालय बिनायकनगर, काठमाडौंमा पछि प्रकाशित भए बमोजिम हुनेछ। थप जानकारीको लागि कम्पनीको website: www.nhpcl.com तथा कार्यालयको सम्पर्क नम्बर ०१-५१७२६८३ मा, कार्यालय समयमा सम्पर्क राख्न अनुरोध गरिन्छ।

CamScanner